# प्रेस विज्ञप्ति

**नेप्स द्वारा PCI SSC को Associate Participating Organization को सदस्यता प्राप्त गरेको सम्बन्धमा।**

Payment Card Industry Security Standards Council (PCI SSC) कार्ड मार्फत हुने कारोवारमा डाटा सुरक्षा सम्बन्धि मापदण्डहरुको अनवरत क्रमविकासलाई व्यवस्थित गर्नको निमित्त स्थापना भएको अन्तराष्ट्रियरुपमा मान्यता प्राप्त संस्था हो। VISA, Mastercard जस्ता अन्तराष्ट्रिय कार्ड नेटवर्कले PCI DSS सर्टिफिकेसन अनिवार्य नै गरेका छन्। कार्ड मार्फत हुने कारोवारको सुरक्षा र तत्सम्बन्धी विकास भैरहने विविध साइबर सुरक्षाका विषयलाई समेटी सुरक्षित कारोवारको वातावरण सिर्जना गर्ने तथा विश्वव्यापी रुपमा नै विभिन्न सरोकारवालाहरुलाई समेटी पर्याप्त डाटा सुरक्षा सम्बन्धि मापदण्डहरुको विकास गरि लागु गर्ने उदेश्य लिएर बनेको संस्थाको Associate Participating Organization को सदस्यता प्राप्त गरेकोमा नेप्स गौरवान्वित छ। नेपालबाट उक्त सदस्यता प्राप्त गर्ने नेप्स पहिलो संस्था पनि बनेको छ, र कार्ड मार्फत हुने कारोवारको सुरक्षा नै नेप्सको पहिलो प्राथमिकता पनि रहेको जाहेर गर्दछ। नेप्स ISO 27001:2013 र PCI DSS Version 3.2.1 प्रमाणित संस्था पनि भएको हुँदा यो सदस्यताले सरोकारवालाहरुको नेप्स प्रतिको विश्वासलाई अझ प्रगाढ बनाउने छ।

साथै, नेप्स PCI SSC को Board of Advisory (BoA) मा पनि मनोनित भएको छ। यदि नेप्स BoA मा चयन भएमा, कार्ड मार्फत हुने कारोवारमा डाटा सुरक्षा सम्बन्धि मापदण्डहरु निर्धारण गर्दा नेप्सले पनि आफ्नो अनुभव तथा भनाईहरु प्रस्तुत गर्न सक्नेछ, कुनै नयाँ मापदण्डहरुको बारेमा अन्य संस्थालाई भन्दा नेप्सलाई पूर्व जानकारी हुनेछ, र अन्य महत्त्वपूर्ण स्रोतहरुमा पनि पहुँच पुग्ने छ। यसले नेप्सको कार्ड मार्फत हुने कारोवारमा डाटा सुरक्षा सम्बन्धि व्यवस्थालाई समयनुसार परिमार्जन गरि सुरक्षित कारोवार संचलानको यकिन गर्न टेवा पुग्नेछ, र नेपालमा रहेका अन्य संस्थाहरुलाई पनि उचित मार्गदर्शन प्रदान गर्न कोशेढुंगा सावित हुनेछ।